**Journal of Jayaprithvi Multiple Campus**
Vol. 1; May 2025
ISSN: 3059-9830 (Print)
Published by Research Management Cell (RMC)
Jayaprithvi Multiple Campus, Bhopur, Bajhang

# फ्रेम भित्रकी आइमाई कथामा प्रयुक्त नारीवादी चिन्ता

**धाना धामी**
**उपप्राध्यापक**
दार्चुला बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
dhana.dhami41@gmail.com

**लेखसार**

*समाजमा नारीप्रतिका अन्यायपूर्ण व्यवहार तथा सोचको विरोध गरी राजनीतिक समाजका नेतृत्व तह, सामाजिक मूल्यमान्यता, तथा साहित्यिक लेखनमा समेत नारीको पुरुष सरहको अवस्थाको अपेक्षा राख्ने वैचारिक लडाइँ नै नारीवाद हो । यसलाई नारीको हक,अधिकार र समानताका लागि आवाज उठाउने चिन्तनका रुपमा लिन सकिन्छ । प्रस्तुत लेखमा नारीवादी कथाकार सञ्जु बजगाईँको समकालीन साहित्यमा सङ्ग्रहित फ्रेम भित्रकी आइमाई कथाको नारीवादी कोणबाट व्याख्या गरी अध्ययन पत्र तयार पारिएको छ । सामाजिक यथार्थवादी कथाका रुपमा रहेको यस कथालाई समाजवादी नारीवादको सैद्धान्तिक पर्याधारका आधारमा अध्ययन गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण समाजमा अनेकौं किसिमका अन्याय र अत्याचारहरलाई सहन गरेर नारकीय जीवन बिताउन बाध्य पारिएका चरित्रहरुको उन्मुक्तिको लागि सङ्घर्षको घोषणा गर्ने यस कथालाई नारीवादी दृष्टिकोणबाट अध्ययन गर्नका लागि उक्त कथालाई नारीवादी देष्टिकोणका आधारमा व्याख्या विश्लेषण गर्ने, 'फ्रेम भित्रकी आइमाई' कथामा प्रयुक्त पितृसत्तात्मक सामाजिक संरचनाले नारीहरुको जीवनमा पारेको प्रभाव र नारी स्वतन्त्रताका लागि गरिएका सङ्घर्षहरुबारे जानकारी दिनु जस्ता उद्देश्य लिएर पुस्तकालयीय कार्यको उपयोग गरी आवश्यकतानुसार द्वितीय सामग्रीहरुको प्रयोग गरी अध्ययनकार्य सम्पन्न गरिएको छ भने आफ्नै घरमा बलात्कृत अवस्थामा रहेका, श्रीमानबाट अपहेलित भएका र बूढी कन्या भई बन्दी अवस्थामा रहेका नारीहरुको स्वतन्त्रताका लागि वृद्धा र म पात्रले दृढ सङ्कल्प गरेको बाट कथामा नारीवादको सशक्त प्रयोग गरिएको निष्कर्ष समेत निकालिएको छ ।*

***प्रमुख शब्दावली:*** *नारीवाद, पितृसत्तात्मक सामाजिक संरचना, शोषण, नारी मुक्ति, शसक्तिकरण, लैङ्गिक विभेद आदि ।*

## विषयप्रवेश

सामान्यतया नारीको हक,अधिकार र समानताका लागि आवाज उठाउने चिन्तन नै नारीवाद हो भने नारीलाई केन्द्रमा राखेर कृतिको अध्ययन र विश्लेषण गर्ने समालोचना नारीवादी समालोचना सिद्धान्त हो । अक्सफोर्ड एडभान्स

लर्नर्स डिक्सनरीमा उल्लेख भए अनुसार महिलाले पनि पुरुषले जत्तिकै अधिकार र अवसर पाउनु पर्छ भन्ने लक्ष्य र विश्वास राखेर गरिएको सङ्घर्ष नै नारीवाद हो (पृ. ४६६) । समाजमा नारीप्रतिका अन्यायपूर्ण व्यवहार तथा सोचको विरोध गरी राजनीति समाजका नेतृत्व तह, सामाजिक मूल्यमान्यता, तथा साहित्यिक लेखनमा समेत नारीको पुरुष सरहको अवस्थाको अपेक्षा राख्ने वैचारिक लडाईँ नै नारीवाद हो । नारीप्रतिको पश्चगामी चिन्तालाई बदल्न र समाजको विकास गर्न बनेको मानवतावादी चिन्तन नारीवाद हो । यसले नारीलाई पुरुष सरह प्रतिस्पर्धात्मक बनाउन क्षमता विकास र सशक्तिकरणमा जोड दिन्छ । नारी समानता, स्वतन्त्रता र मुक्तिको आवाज यसले उठाउँछ र लैङ्गिक विभेदको माग राख्दै समानता र न्यायको वकालत गर्छ । पितृसत्ताका साथै नारीलाई दोस्रो दर्जाको नागरिक मान्ने परम्पराको विरोध गर्दै नारीमाथि हुने गरेका सामाजिक, आर्थिक, धार्मिक, वैचारिक, यौनगत, सांस्कृतिक, राजनीतिक भेदभावको विरोध गर्छ । नारीमाथि भइरहेका शोषण, दमन र अत्याचारका विरुद्ध कानुनी रुपमा नै परिवर्तनको माग गर्छ । "महिलाको समान अधिकारको खोजीमा गरिएको सामाजिक आन्दोलन नै नारीवाद हो" (त्रिपाठी, २०६९, पृ. ६५) । असमान कानुन, महिला हिंसा, दाइजो, बलात्कार, सञ्चार माध्यममा महिलाको नकारात्मक प्रस्तुतिको विराध यसले गर्दछ । यसका साथै मातृत्वको महत्ता, गर्भावस्थाको भत्ता, गर्भपतनको अधिकारको माग राख्दै आत्मनिर्भरता, आर्थिक सक्षमता, सहभागिता र सशक्तिकरणमा जोड दिने गर्दछ । महिलाको स्रोतमाथिको पहुँच, सम्बन्ध, महिला विकासका विविध पक्षमा जोड दिने गर्दछ । महिलाहरुका समस्यालाई प्रमुख आधार बनाएर तिनै समस्याहरुको समाधानार्थ गरिएको आन्दोलन नारीवाद हो । परम्परागत समय देखि नै महिलाहरु विभिन्न रुपले समाजमा पछि परेका छन् । सामाजिक संरचना, धर्म, संस्कृति आदि विविध कारणले महिलाहरु समाजमा पछि परेका छन् । सामाजिक असमानताका कारण पछि परेकाले तत्काल त्यस किसिमका विभेदहरुलाई अन्त्य गर्दै नारीका पक्षमा वकालत गरी महिलाहरुको अवस्थामा सुधार ल्याई जीवनस्तर उकास्ने उद्देश्यअनुरुप सन् १७९२ देखि उदारवादी नारीवादका रुपमा मेरी उल्स्टनक्रफ्टले महिला अधिकारको औचित्य मार्फत् नारीवादी आन्दोलनको सुरुवात भयो र विभिन्न कालखण्डमा यसका स्वरुपहरु परिवर्तन भई वर्तमा समयमा उत्तरआधुनिकतावादका मान्यताहरलाई पनि समेट्दै अगाडि बढिरहेको छ । सभ्यता र संस्कृतिको कालखण्डमा विश्व समाजमा विकासका चुनौतिहरु पनि थपिएसँगै यस आन्दोलनले पनि विभिन्न चुनौतिहरुको सामना गर्दै अगाडि बढिरहेको वर्तमान परिप्रेक्ष्यमा अझै पनि महिलामाथि हुने गरेका अन्याय, शोषण र दमनको अन्त्य हुन सकिरहेको छैन । विभिन्न साहित्यिक रचनाहरु मार्फत् सर्जकहरुले पनि नारीवादी आवजहरु बुलन्द गरिरहँदा ती साहित्यिक कृतिमा भएका सशक्त आवाजहरुलाई सबैसामु ल्याएर महिलाका हक अधिकारहरुलाई सुनिश्चित गर्दै समाजका पुरुप सरह जीवन यापनका लागि वातावरण सिर्जना गर्नका निम्ति त्यस्ता कृतिहरुको नारीवादी कोणबाट अध्ययन हुनु नितान्त जरुरी छ । यद्धपि त्यस किसिमका कार्यहरु कमै मात्र भएका र केवल महिलाको मात्र सरोकारको विषयका रुपमा लिने गरेकाले पनि यस सम्बन्धी अध्ययन हुनु नितान्त जरुरी छ । यसकारण महिला आन्दोलनकै महत्वपूर्ण पाटोको रुपमा रहेको नारीवादलाई समकालीन कथाकार सञ्जु बजगाईँको 'फ्रेम भित्रकी आइमाई' कथाका माध्यमबाट हेरी त्यस कथामा भएका नारी अवाजहरुलाई बुलन्द गर्नमा यो अध्ययन औचित्यपूर्ण हुनेछ भन्ने अपेक्षा लिइएको छ ।

## अध्ययन समस्या र उद्देश्य

समाज पितृसत्तात्मक सामाजिक संरचनामा जकडिरहेकाले वर्तमान समयसम्म भएका महिला आन्दोलनहरुले महिलाहरुको जीवनस्तर उकास्नमा खाशै भूमिका खेल्न सकेका छैनन् । शोषण र दमनका विरुद्धमा नारीवादी चेतना जन्म्यो । पितृसत्तात्मक समाजको उदयसँगसँगै नारीमाथि हुने शोषणको पनि आरम्भ भयो (बराल, २०६३, पृ. ८९) । महिलाका

आवाजहरुलाई बुलन्द गर्न समय समयमा निकै प्रयासहरु नभएका होइनन् तर त्यति फलदायी भने भएका देखिँदैनन् । नारीवादी आन्दोलनको महत्वपूर्ण पाटोको रुपमा रहेको साहित्यिक आन्दोलनका क्षेत्रमा पनि नारी सर्जकहरुले कलम चलाउँदै आएपनि ती पर्याप्त भने हुन सकेका छैनन् । खाशगरी नारी सर्जकहरुका नारीवादी साहित्यिक रचनाहरुको अध्ययन अनुसन्धान गरी ती कृतिहरुमा उल्लेखित नारी स्वतन्त्रताका लागि गरिएका सङ्घर्षका कथाहरु प्रकाशन गर्ने महत्वपूर्ण कार्य कमै भएकाले त्यस्ता कार्यहरु ओझेलमा परेका छन् । तीनै कार्यहरुको खोजी गर्न नसक्नु नै वर्तमान समयको प्रमुख समस्याको रुपमा रहेको छ । त्यसैगरी नारीहरुको स्वतन्त्रता तथा हक अनि अधिकारका निम्ति गरिएका कार्यहरुलाई कसरी प्रचार प्रसारमा ल्याउन सकिन्छ भन्ने कुरा समस्याको रुपमा देखापरेको छ । नारीवादी सर्जकहरुका सिर्जनामा सजिएका नारी मुक्तिका आवाजहरुलाई कसरी प्रकाशका ल्याउन सकिन्छ भन्ने प्रश्नहरु नै यस अध्ययनका प्रमुख समस्याका रुपमा रहेकाले तिनै समस्याहरुको समाधान गर्ने उद्देश्यका साथ समकालीन कथाकार सञ्जु बजगाईँको 'फ्रेम भित्रकी आइमाई' कथालाई नारीवादी दृष्टिकोणबाट व्याख्या तथा विश्लेषण गर्ने कार्यलाई उद्देश्यका रुपमा लिई प्रस्तुत अध्ययन गरिएको हो । जसलाई तलका बुदाहरुमा प्रस्तुत गर्न सकिन्छ —

क) 'फ्रेम भित्रकी आइमाई' कथालाई नारीवादी दृष्टिकोणबाट व्याख्या र विश्लेषण गर्नु ।

ख) 'फ्रेम भित्रकी आइमाई' कथामा प्रयुक्त पितृसत्तात्मक सामाजिक संरचनाले नारीहरुको जीवनमा पारेको प्रभाव र नारी स्वतन्त्रताका लागि गरिएका सङ्घर्षहरुबारे जानकारी दिनु ।

## अध्ययन विधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययन पत्र पुस्तकालयीय कार्यको उपयोग गरी तयार पारिएको हो । यस क्रममा विषयवस्तुसँग सम्बन्धित सामग्रीहरुलाई द्वितीय स्रोतहरु इन्टरनेटबाट सङ्कलन गरिएका हुन् । पुस्तकहरु, तिनै विषयमा रचिएका लेखहरुका साथै नेपाल खुला विश्वविद्यालयको मुडलमा भएका सामग्रीहरुबाट तथ्य सङ्कलन गरिएको छ । त्यसका अतिरिक्त युटुबबाट आवश्यकतानुसार सामग्रीहरुबाट तथ्य सङ्कलन गरिएको छ । विषयवस्तुहरुलाई व्याख्या तथा विश्लेषण गर्ने कार्यका लागि नेपाल खुला विश्वविद्यालयको साहित्य सिद्धान्त तथा उत्तरवर्ती समालोचना विषयका मुडलमा भएका सामग्रीहरुलाई नै मुख्य आधार मानिएको छ । भौतिक रुपमा पुस्तकालयमा नै गएर अध्ययन गर्न नसकिने बाध्यात्मक परिस्थितिका कारण अनलाइनका सामगी्रहरु नै प्रमुख आधार बनाएर अध्ययन तयार पारिएको छ ।

यस अध्ययनको प्रमुख सैद्धान्तिक पर्याधारका रुपमा समाजवादी नारीवादलाई लिइएको छ । १९६०/७० को दशकमा माक्र्सवाद र आमूल नारीवादका बीचमा भएको सामाजिक असमानताका आधारभूत कारणमाथिको बहसको परिणामस्वरुप जन्मिएको समाजवादी नारीवादका मूल मान्यताहरुलाई नै प्रमुख आधार बनाएर प्रस्तुत अध्ययनलाई सम्पन्न गरिएको छ । समाजवादी नारीवादले लैङ्गिक आधारमा समाजको पुन संरचना हुनुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ (त्रिपाठी, २०६८, पृ. १११) । यस मान्यताले महिलामाथि हुने सबै प्रकारका शोषणको कारण पितृसत्ता हो भन्दा पनि पितृसत्ता, सामाजिक संरचनाका साथै महिला स्वयम् पनि जिम्मेवार भएको धारणा यसले राख्ने हुनाले यसकै आधारमा उद्देश्य अनुरुपका बुँदाहरुलाई व्याख्या विश्लेषण गरिएको छ । महिलामाथि पुरुषको प्रभुत्व र दमन हुन्छ भन्ने मतसँग सहमत हुँदै विवाहित महिला पतिको पेसा, आय र शिक्षाद्वारा चिनिने र उनीहरुले सन्तान उत्पादन र लालनपालनमा मात्र महिलाको जीवनको सारलाई अथ्र्याएका कारण लैङ्गिक, वर्गीय तथा जातजातिका कारणले हुने असमानताको विरोध गर्छ । मनेविश्लेषणात्मक नारीवादबाट पनि प्रभाव ग्रहण गर्दै सामाजिक संरचनासँग सम्बन्धित लैङ्गिकता, मनोरचनाको भिन्नताको प्रभावका कारण महिलामाथि दमन हुन्छ । लिङ्ग, वर्ग र जातिको संयुक्त प्रभावलाई दृश्यमान बनाउनुपर्छ भन्ने सैद्धान्तिक दृष्टिकोणका आधारमा यस अध्ययनलाई सम्पन्न गरिएको छ ।

**नारीवादी कोणबाट विश्लेषण कथाको 'आइमाई भित्रकी फ्रेम'**

नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हकहित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ (शर्मा र लुइँटेल, २०६७, पृ. ३७१) । समकालीन साहित्यमा सङ्ग्रहित सञ्जु बजगाईँको 'फ्रेम भित्रकी आइमाई' कथा ३ खण्डमा विभाजन गरी कथावस्तु प्रस्तुत गरिएको कथा नारीवादमा आधारित कथा हो । कथावस्तु र कथानकको प्रस्तुति शैली क्रमिक रूपमा भएको पाइँदैन । मध्य स्थानको घटनाक्रमलाई अगाडि ल्याई पछि क्रमशः कथावस्तुको रहस्य उद्धाटन गर्दै कथावस्तुलाई अगाडि बढाइएको पाइन्छ । प्रथम खण्डमा म पात्रले फ्रेम भित्रकी आइमाईप्रति आफू सानो उमेर देखि आकर्षित रहेको र कयौँ वर्षसम्म त्यो फ्रेम हरिविजोगको अवस्थामा रहेको कुरा व्यक्त गर्दै म पात्र आफू पनि त्यस्तै भएर होला त्यो फ्रेमप्रति आकर्षण भएको सङ्केत गरिएको छ । दोस्रो खण्डमा त्यो फ्रेम र त्यस फ्रेममा भएकी महिलाको परिचय गराउनुका साथै नारीका रुपमा उसबाट जन्मिएका सन्तानहरुमाथि अन्याय, अत्याचार र शोषणले पराकाष्ठा नाघेको वर्तमान अवस्थालाई देखाइएको छ भने तेसा्रे खण्डमा चाहिँ कथाकी म पात्रले आफू नारी स्वतन्त्रताका लागि सङ्घर्षमा उत्रिने र समाजमा अपहेलित ती नारीहरुको न्याय र स्वतन्त्रताका लागि उत्रिने प्रण गर्द्रै कथाको अन्त्य भएको छ ।

**फ्रेम भित्रकी आइमाई कथाको कथावस्तु**

फ्रेम भित्रकी आइमाई कथाको कथावस्तु सामाजिक विषयवस्तुमा आधारित छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलाहरु समाजमा अपहेलित भई नारकीय जीवन जीउन बाध्य भएको विषयवस्तुलाई यस कथामा नारीवादी दृष्टिबाट प्रस्तुत गरिएको छ । म पात्र समयसिंहको घरको ढोकामा टाँगिएको मक्किएको फ्रेमकी महिलाप्रति सानै उमेरदेखि आकर्षित हुनु र वयस्क भैसकेपछि पनि त्यस फ्रेममा भएकी महिलाका बारेमा जान्ने उत्कण्ठा सहित समयसिंहले एउटी आईमाईको रुग्ण रुप त्यसरी मूल ढोकामा झण्ड्याएर बटुवालाई नदेखाइदिए हुन्थ्यो भन्ने सोचका साथ त्यस फ्रेम भित्रकी महिलाको मौलिक आकृति जोगाउन केही नगरी हेरेर मात्रै आफ्नै अस्तित्व माथि उब्जिने प्रश्नले जिन्दगीभर खेदिरहने छ भनी एकदिन समयसिंहको घरमा प्रवेश गर्नु, परम्परागत पहिरनलाई निरन्तरता दिँदै पातलो शरीर भएकी बोलीमा प्राण नभएकी एउटा वृद्धा (जो समय सिंहकी कान्छी श्रीमती हुन्) ले समयसिंह पूजा गरिरहेकाले केहीबेर पर्खिन आग्रह गर्नु, समयसिंह पूजागरी आइसकेपछि उसको क्रुर चरित्रसँग  म पात्र परिचित हुनु, समयसिंहले त्यो फ्रेमकी महिलाई सातवटी छोरी जन्माएर मरेकी राँडका रुपमा चिनाउँदा म पात्रलाई ती फ्रेम भित्रकी आईमाईको तस्वीरलाई पुनर्जीवन दिने सपना तुहिएर जानु र कायरतापूर्वक पाहुनाकोठाबाट बाहिर निस्किनु, वृद्धाले समयसिंहले बसाएको पागलबस्तीको खुलासा गरी त्यस बस्तीमा समयसिंहले नाम, पैसा, शान र शक्तिसँगको सम्बन्धलाई निरन्तरता दिन बन्दी बनेका, न्याय नपाएका, बलात्कृत भएर बाँचेका, श्रीमानले हेला गरेर छोडेका भव्य मोहोडा भएको शानदार घरका छोरीहरुको पीडा र  चित्कारलाई बाहिर लगी न्याय दिलाउन आग्रह गर्नु, वृद्धा समयसिंहकि कान्छी श्रीमती भएपनि आफूसँग आर्थिक स्रोत नभएकाले पापी पेटका लागि चूप लागेर बसेको बताउनु, त्यस घरभित्रका महिलाहरुको दयनीय अवस्था देखी त्यो फ्रेम भित्रकी आईमाईको तस्वीर अशान्त बनेको देख्दा फोटोको आँशु र वृद्धाको कुरा मनमा राखेर समयसिंहको आजसम्मको हैकमवादलाई परास्त गरी बन्दी भएका छोरीहरुको नयाँ जीवन जीउने नयाँ बाटो देखाउने प्रयत्न गर्ने दृढ सङ्कल्प गरी वृद्धलाई आस्वस्त पार्दै  म पात्र त्यहाँबाट बाहिर निस्किनु आदि घटनाहरुले  यस कथामा  सामाजिक विषयवस्तुलाई बहन गरेका छन् । यसरी यस कथामा सामाजिक जीवनका नारीहरुले भोग्नुपरेबम अथाह पीडाहरुको विषयवस्तुलाई नै प्रमुख आधार बनाएर कथा रचना भएको छ ।

**चरित्रचित्रण**

फ्रेम भित्रकी आइमाई कथामा नारी चरित्रहरुको भूमिकालाई नै प्रमुख बनाएर कथा रचना गरिएको छ । वर्तमान समयमा पनि पुरुषले आफ्नो, नाम, शान र सौकतका लागि पीडामा जीवन बाँच्न बाध्य पारिएका शोषित र पीडित नारी चरित्रकै केन्द्रियतामा कथा रचना गरिएको छ । यस कथाका नारी उत्पीडनमा पारिएका र त्यस किसिमको उत्पीडनबाट उन्मुक्तिको चाहना भएका केही नारी चरित्रहरुलाई प्रस्तुत गरिएको छ ।

**फ्रेम भित्रकी आइमाई**

यस कथामा मञ्चमा आएर भूमिका निर्वाह नगरे पनि कथाकी प्रमुख बद्ध चरित्रका रुपमा आएकी पात्र जुन कथाकारले सानै उमेर देखि स्मृतिमा रहेकी र फ्रेममा नै वर्तममान समाजको परिवेशमा पीडित पात्रका रुपमा आएकी चरित्र पुरुष हैकमवादी चरित्र समयसिंहको  कथित नाम, पैसा, शान र शक्तिको सम्बन्धका कारण चरम यातना सही मर्न बाध्य पारिएकी सातवटा छोरीकि आमाका रुपमा कथामा आएकि छ वर्षौँ देखि एउटा मक्किएको फ्रेम भित्र रहेकी पात्र जसप्रतिको आकर्षणका कारण नै म चरित्रमा महिलाका विषयप्रति चासो रहेको र महिला हिंसा अनि अन्यायका विरुद्धमा लड्न् आकाङ्क्षा पलाएको छ र ती अन्यायमा परेका छोरीहरुलाई न्याय दिलाउन तम्तयार भएकी छ । वृद्धाका अनुसार समयसिंहको क्रुर यातनामा परेकी चरित्र हो जसको मृत्यृ पछि पनि समय सिंहका गाली र वचनहरु वर्सिएका नै छन् ।

**म पात्र**

यस कथामा नारीवादी आवजलाई मुखरित गर्ने प्रमुख चरित्र म पात्र र कथाकारको नारी आन्दोलनकि सशक्त चरित्र म मात्र हो । सानै उमेरदेखि फ्रेम भित्रकी आइमाईप्रति आकर्षित रही उसलाई पुनर्जीवन दिने अठोटका साथ लागेकी छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण अन्याय सहन बाध्य उ पनि हो भन्ने कुरा उसको यस भभिव्यक्तिबाट अनुमान लगाउन सकिन्छ निर्जीब तस्वीर १ तर केटाकेटीदेखि आत्मियता जोडिएकाले त्यो फ्रेमलाई देखेपछि अचेल मभित्र यस्तो आवाज आउन थालेको छ । किन रु के ऊ मेरी प्रतिनिधी हो रु या ऊ र म बिच आईमाई हुनुमा भेटिने समान तत्वहरु मेरा मस्तिष्कमा सक्रिय भएर यस्तो आवाज निस्किन थालेका हुन्रु समय सिहको अन्याय देखी निकै डराएकि पात्रका रुपमा कथामा चित्रित भए पनि वृद्धाले अन्यायमा परेका छोरीहरुको जीवन जीउने आकाङक्षा पूरा गर्नुपर्छ भन्दा उसमा पनि नारीवादी विचारले मूर्तरुप लिई ती बन्दी बनाइएका छोरीहरुलाई मुक्ति दिलाउन आफूले सकेजति कार्य गर्ने अठोट उसले गरेकी छ । नारीवादी सङ्घर्षका खातिर होमिन तम्तयार रही समयसिंह जस्ता पितृसत्ताका शोषकहरुका विरुद्ध लडी नारी स्वतन्त्रताका लागि मरि मेट्ने अठोट समेत उसले गरेकी छ ।

**वृद्धा**

यस कथामा वृद्धा समयसिंहकी कान्छी श्रीमतीका रुपमा आएकि छ । पहिलो श्रीमतीबाट ७ वटा छोरीहरु मात्रै भएपछि छोरा पाउने र समाजमा आफ्नो शान कायम राख्नका लागि समयसिंहले बिहे गरेपछि तिनबाट सन्तान नहँुदा पूजा सामग्री तयार पारिदिने सहयोगी भएर बाँचेकी छिन् । समयसिंहको अन्याय विरुद्ध आवाज उठाउनु पर्ने सोच भएर पनि पापी पेटका निम्ति चुप लागेर बसेकी छिन् तर म पात्रलाई ती अन्यायमा परेका छोरीहरुको स्वतन्त्रताका लागि भने घरको चाबी नै दिएर उनीहरुलाई त्यस पागलबस्तीबाट मुक्त पार्न अनुरोध गरेकी छिन् । आफूमाथि आइपर्ने सम्भावित खतराको समेत ख्याल नगरी यस किसिमको कदम उठाउनु नारी सङ्घर्षकै एउटा उदाहरण हो भन्न सकिन्छ ।

**समयसिंह**

यस कथामा पितृसत्तात्मक समाजको प्रतिनिधि पात्रका रुपमा समयसिंह कथामा प्रस्तुत छ। आफ्नी श्रीमतीबाट छोरा पाउन नसक्दा श्रीमतीलाई पीडा दिने र आफ्नै छोरीहरुलाई शोषण र दमनको अवस्थामा घरभित्र थुनेर राख्ने निर्दयी पात्र हो। फ्रेमकी आईमाईलाई उसले "ए १ त्यै सात–सातवटी छोरी जन्माएर मरेकी राँडको कुरो जान्न आएकी रु" भनेकोबाट उसको नारीलाई हेप्ने प्रवृति प्रस्ट भएको छ। –"त्यस राँडको फोटो अझै त्यही रछ। भोली नै झिकेर फ्याँकिदिन्छु। राँडले यतिका छाउरी नजन्माएकी भए मैले यो हैरान खप्नै पर्दैनथ्यो। त्यसको कुरै नगर मसँग भन्ने भनाईबाट उसको चरित्र प्रस्ट भएको छ। समाजमा आफ्नो शान कायम राख्न नारीहरुलाई नारकीय जीवन जीउन बाध्य पार्ने चरित्र हो।

यसरी यस कथामा नारीवादी सोचका साथ नारी स्वतन्त्रताको वकालत गर्ने चरित्रहरु एकातिर छन् भने अर्कोतिर नारीहरुलाई दमन र शोषणमा राखी मरेतुल्य बनाउने चरित्रहरु पनि छन्।

**परिवेश**

नारीवाद मूलतः समाजप्रति उत्तरदायी, अन्यायमा परेका नारीको पक्षपाती, उदार,सहिष्णु, सहअस्तित्ववादी, मानवतावादी र संश्लेषणकारी दृष्टिकोण सहितको भाषिक सिर्जना हो (पौडेल, २०६९, पृ. १)। फ्रेम भित्रकी आइमाई कथामा नेपाली समाजको सामाजिक परिवेश प्रयोग गरिएको छ। खाशगरी पितृसत्तात्मक सामाजिक संचनाका कारण महिलाहरुले खेप्नु परेका पीडा अनि वेदनाहरुलाई नै प्रमुख आधार बनाएर कथा रचना गरिएको छ। महिलाहरुको त्रासदी यस कथामा पाउन सकिन्छ। बाह्य परिवेशका रुपमा पितृसतात्मक सामाजिक परिवेशको प्रयोग गरिएको छ। जहाँ छोरीहरु जन्माउने महिलालाई समाजले सामाजिक बहिस्कार गरी मृत्यु वरण गर्नसम्म बाध्य पार्ने नेपाली समाज र एउटा शानदार कहलाउँदो घरमा पनि छोरीहरुले विभिन्न किसिमका अन्याय र अत्याचारहरु सहेर आफ्नै घरमा बन्दी भएर  बस्नुपर्ने पीडादायी सामाजिक परिवेशलाई सशक्त रुपमा यस कथाले स्पष्ट पारेको छ । यस किसिमको समाजमा एउटा नारीले बाध्यतावस जीवनलाई मरेतुल्य बाँच्नुपर्दाका मानसिकतालाई कथामा आन्तरिक परिवेशका रुपमा व्यक्त गरिएको छ। म पात्रमा नारीवादी सोच हुँदाहुँदै पनि समयसिंह जस्ता महिलामाथि हिंसा गर्ने पात्रहरु देखि त्रसित हुनु, वृद्धामा नारी जागरणको उन्मुक्तिको सोच भएर पनि आर्थिक रुपमा आत्मनिर्भर नभएका कारण मौन भएर बस्नु, छोरी भएकै कारण बलात्कृत भएर, पति र पीताबाट अपहेलित भएर आफ्नै घरमा नारकीय जीवन जीउँदा मनस्थिति रुग्ण बन्नु आदि घटनाहरुले त्रासद् एवम् अत्यन्त कारुणिक मनस्थितियुक्त आन्तरिक परिवेश सिर्जना गरी पाठकवर्गलाई यस किसिमको समाजको विरुद्ध सशक्त सङघर्ष गर्न उत्प्रेरणा समेत प्रदान गरेको छ। समग्रमा यस कथामा नारीहरुको त्रासमय सामाजिक जीवन र त्यसले उनीहरुमा पारेको मनोवैज्ञानिक प्रभावलाई प्रस्तुत गर्न यस कथाको परिवेश महत्वपूर्ण बनेर आएको छ।

**उद्देश्य**

यस कथामा नारी जातिले जन्मदेखि जीवनका हरेक पहरमा भोगेका दुःख र पीडालाई कलात्मक रूपमा उतारिएको पाइन्छ। नारी चेत र नारी विद्रोहलाई प्राथमिकता दिइएको छ। सामाजिक संरचनाका कारण अन्यायमा परेका नारीहरुका आवाज बुलन्द गरी स्वतन्त्रताको आन्दोलनमा होमिन यस कथाले नारीहरुलाई हौसला प्रदान गरेको छ। यसकारण नारी समानता, नारी स्वतन्त्रता र नारीप्रति समाजले राखेको गलत धारणाको उजागर गर्नु, नारी हक हितका लागि आवाज उठाउनु नै यस कथाको उद्देश्य रहेको छ।

**फ्रेम भित्रकी आईमाई कथामा अभिव्यक्त परम्परित पितृसत्तात्मक समाज**

पितृसत्तात्मक समाजमा पुरुषको प्रभुत्व हुन्छ । यस कथामा पनि पुरुषकै प्रभुत्व रहेको छ । फ्रेम भित्रकी आईमाईको त्यो दुर्दशा हुनुमा पुरुष पात्र समयसिंह प्रत्यक्ष रुपमा देखिएको छ । त्यसैगरी वृद्धाको जीवन बर्बाद तुल्याउनमा पनि उक्त समाज नै दोषी बनेको छ भने घरमा छोरीहरु बकात्कृत भएर, लोग्नेबाट पीडित भएर, समाजबाट अपहेलित भएर, आफ्नै बुबाबाट बन्दी बनाइएका छन् । यी सबै कुराहरु परम्परित पितृसत्तात्मक समाजकै कारण भएका हुन् । म पात्रले पनि आफू फ्रेम भित्रकी आईमाईकी प्रतिनिधि पात्रका रुपमा रहेको अनुभूति गर्नुले पनि यस कुराको पुष्टि गरेको छ । यस कथामा परम्परावादी पितृसत्तात्मक अभिव्यक्ति रहेको कुरा यस अभिव्यतिmबाट पनि प्रस्ट भएको छ । ऊ त्यो फ्रेमभित्रकी आईमाई समयसिंहकी पहिली श्रीमती हुन् ।" मुलद्वारतिर चोर औंलाले देखाउँदै उनले कुरा शुरु गरिन् –"सातवटी छोरी जन्माई भनेर समयसिंहले हेला गरेपछि दुख पाएर मरेकी अरे । ऊ मरेको तीन महिनामै समयसिंहले मलाई बिबाह गरेको । मबाट सन्तान हुन सकेनन् । त्यसैले म उसकी अर्धाङ्गिनी नभै पुजा सामाग्री तैयार गरिदिने सहयोगी भएर बाँचेकी छु ।"

**नारी विद्रोह**

समाजमा पितृसत्ताका नाममा पुरुषवाद कायम छ र त्यसैको प्रतिकारका निम्ति नारीवादको उत्थान भएको छ (त्रिपाठी, २०६९, पृ. १९) । फ्रेम भित्रकी आईमाई कथामा नारीवादी विद्रोहको अभिव्यक्ति पाइन्छ । म पात्र सानै देखि फ्रेम भित्रकी आईमाईप्रति आकर्षित हुनु, त्यो तस्वीरलाई पुनर्जीवन दिन प्रयासरत रहनु, समयसिंहको पञ्जबाट ती अन्याय र शोषणमा परेका छोरीहरुलाई स्वतन्त्रता दिलाउन दृढ भएर लाग्ने सङ्कल्प गर्नु, वृद्धाले ती छोरीहरुको मुतिmका लागि घरको साँचो म पात्रका हातमा थमाउनु आदि घटनाले यस कथामा नारी विद्रोहको वकालत गरिएको छ भन्न सकिन्छ । यस कथामा प्रयोग गरिएका नारी विद्रोहका केही उदाहरणहरु निम्न बमाजिम रहेका छन्—

त्यो सुनेर मेरो मुटुको धड्कनले एक्सलेटर दबायो । मेरा पाखुराका रौं ठडिए ।
"बाबु बिनाको त्यो फ्याउरोलाई एक्लै छोडेर कता मरी अर्की ।" अर्को झ्यालबाट आवाज आयो ।
"खान्न।।।१ म तेरो जुठो कहिल्यै खान्न ११" दोस्रो तलाको झ्यालबाट यस्तै प्रतिकार सुनिदै थियो एकाएक झल्याम्म केही फुटेको आवाजले मेरा कानका जाली नै छेडिए ।
"म मेरो क्षमताले भ्याएसम्मको कोशिस गर्ने छु ।" वृद्धालाई आश्वस्त पार्दै मे भने –"अहिले मलाई जान दिनुहोस् ।"
म ती साँचा हातमा बोकेर गेट बाहिर निस्किएँ । बाहिरको चिसोमा निकबैरै हिडुन्जेलसम्म वृद्धाको शरिरको स्पर्शले तातेका दुई साँचाबाट उनको शरिरको तातोपन मलाई महशुस भैंरह्यो । शायद, त्यही तातोपनमा जीवनको अर्थ लुकेको थियो ।

**नारी शोषण र दमन**

नारीवादी कथा फ्रेम भित्रकी आईमाईमा नारी शोषण र दमनको पराकाष्ठालाई देख्न सकिन्छ । समयसिंहले आफ्नै छोरीहरुलाई पीडित अवस्थामा नारकीय जीवन जीउन बाध्य गराएको छ । चरम यातना र अन्यायमा परेका छन् ती बन्दी बनाइएका नारीहरु । स्वयम् म पात्र पनि शोषणमा परेको कुराको अभिव्यक्ति यस कथामा पाउन सकिन्छ । वृद्धाको जीवन विनाअर्थको बनेको छ भने पितृसत्तात्मक सामाजिक संरचनाका कारण कथामा आएका सम्पूर्ण नारीहरु शोषण र दमनमा परेका छन् । जसको पुस्ट्याईँ तलका अभिव्यक्तिहरुले गरेको छ —

न मर्मत–संभार न त रङ्गरोगन १ फ्रेम पहिलेभन्दा नाजुक भएको छ । बिट मकाएर हेरिनसक्नु छ । त्यसको शिशा धमिलिएको छ भने झुण्ड्याएको काँटी बाङ्गिएर फ्रेम समेत कोल्टिएको छ । फोटोको त कुरै नगरौ १ अनुहारको स्वरुप पनि खुट्उँन मुश्किल पर्छ । मानौ, त्यो निरिह फ्रेम ज्यँुदाहरुबाट बर्षौदेखि त्यागिएको छ ।

"तँ पनि आईमाई र त्यो फ्रेमभित्रकी पनि आईमाई १ हेर, त्यसको हरिबिजोक ११" निर्जीब तस्वीर १ तर केटाकेटीदेखि आत्मियता जोडिएकाले त्यो फ्रेमलाई देखेपछि अचेल मभित्र यस्तो आवाज आउन थालेको छ । किन रु के ऊ मेरी प्रतिनिधी हो रु या ऊ र म बिच आईमाई हुनुमा भेटिने समान तत्वहरु मेरा मस्तिष्कमा सक्रिय भएर यस्तो आवाज निस्किन थालेका हुन् रु

मेरो ठम्याई अझै निर्धारित भएको छैन तर म सानी केटी रहिन अब भन्ने पक्का भएको छ । समयले मलाई सानी केटीबाट आईमाई बनाएको छ र आईमाई बनाउँने लामो प्रक्रियामा त्यही समयले नै मभित्र चेत भरिदिएको छ । त्यही चेतले गर्दा त्यो मकाउँन थालेको फ्रेम र त्यस फ्रेमभित्रकी आईमाईको फुस्रो फोटो देख्दा मभित्र असन्तुष्टीको आवाज आउँन थालेको हुनुपर्छ "यो बौहुलाईले फेरी झ्याल खोली । गाला चड्काएर यता तान् त्यसलाई यो घरमा बन्दी भएका सबै छोरीहरुलाई न्याय र उन्मिुक्तिको बाटो देखाईदिने मान्छे चाहिएको छ । अघिल्तिर भब्य मोहडा बोकेको शानदार घरका छोरीहरुको पीडा र चित्कार आज त्यही घरको पछाडिबाट तिमीले सुन्यौ । त्यो आवाजलाई बाहिर लगिदिनु ।" "आफ्नै छोरीहरु किन बन्दी बनाएको समयसिंहले रु" मैले पत्याउँन नसकेर सोधेँ ।

"आफ्नो नाम, पैसा, शान र शक्तिसँगको सम्बन्धलाई निरन्तरता दिन । त्योभन्दा पनि बढी आईमाईलाई सबै दोष थुपारेर उनीहरुको यथास्थितिलाई निरन्तरता दिन ।"

**नारी मुक्तिको कामना**

समाजवादी नारीवादले लैङ्गिक आधारमा समाजको पुन संरचना हुनुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ (त्रिपाठी, २०६८, पृ. १११) ।यस कथामा नारी मुक्तिको कामना गर्रिको छ । कथामा प्रयोग भएका म पात्र र वृद्धाका माध्यमबाट कथाकारले नारीको मुक्ति र स्वतन्त्रताको चाहना व्यक्त गरेका छन् । म पात्रलाई सानै देखि फ्रेम भित्रकी आईमाईलाई पुनर्जीवन प्रदान गर्ने चाहना हुनु र वृद्धाले म पात्रलाई समयसिंहले बन्दी बनाएका आफ्रनै छोरीहरुलाई मुक्त पार्नका लागि आग्रह गर्नुले नारी मुक्तिको कामना कथामा गरिएको प्रस्ट भएको छ । त्यसैगरी स्वयम् ती बन्दी अवस्थामा रहेका छोरीहरुले पनि समयसिंहका विरुद्ध आवाज उठाउनुले पनि यस कुरालाई प्रस्ट पारेको छ ।

निर्जीब तस्वीर १ तर केटाकेटीदेखि आत्मियता जोडिएकाले त्यो फ्रेमलाई देखेपछि अचेल मभित्र यस्तो आवाज आउन थालेको छ । किन रु के ऊ मेरी प्रतिनिधी हो रु या ऊ र म बिच आईमाई हुनुमा भेटिने समान तत्वहरु मेरा मस्तिष्कमा सक्रिय भएर यस्तो आवाज निस्किन थालेका हुन् रु

मेरो ठम्याई अझै निर्धारित भएको छैन तर म सानी केटी रहिन अब भन्ने पक्का भएको छ । समयले मलाई सानी केटीबाट आईमाई बनाएको छ र आईमाई बनाउँने लामो प्रक्रियामा त्यही समयले नै मभित्र चेत भरिदिएको छ । त्यही चेतले गर्दा त्यो मकाउँन थालेको फ्रेम र त्यस फ्रेमभित्रकी आईमाईको फुस्रो फोटो देख्दा मभित्र असन्तुष्टीको आवाज आउँन थालेको हुनुपर्छ ।"खान्न।।।१ म तेरो जुठो कहिल्यै खान्न ११" दोस्रो तलाको झ्यालबाट यस्तै प्रतिकार सुनिदै थियो एकाएक झल्याम्म केही फुटेको आवाजले मेरा कानका जाली नै छेडिए

“मसँग पापी पेट छ तर त्यसको चित्त बुझाउँने मेरो कुनै आर्थिक स्रोत नभएर नबोलेकी । उनले आफ्नो बाध्यता स्पष्ट पार्दै थपिन्– “समयसिंहका छोरीहरु भर्खरका छन् । कसैले यी बन्द कोठाबाट निकालेर अलिकति सान्त्वना मात्र दिए अवश्य केही न केही गरीखाने थिए । कुल्चिएको झार पनि कुल्चिरहें उठ्न नसकी मर्छ । यी छोरीहरु मान्छे हुन् यीनलाई कुल्चिएर नमार ।”

**निष्कर्ष**

कथाकार सञ्जु बजगाईँको समकालीन साहित्यमा सङ्ग्रहित फ्रेम भित्रकी आईमाई कथा सामाजिक यथार्थवादी कथा हो । पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलाले भाग्नुपरेका पीडा र वेदनालाई कथाकारले मार्मिक पाराले प्रस्तुत गरेका छन् । कथामा प्रयोग गरिएको विषयवस्तु नितान्त नारीवादमा आधारित छ । महिला भएकै कारण आफ्नै परिवारमा पनि बन्दी भएर विभिन्न किसिमका अन्याय एवम् अत्याचारहरु सहन गर्दै नारकीय जीवन विताइरहेका नारीहरुका पीडादायी अभिव्यक्तिहरुले यस कथामा स्थान पाएको छ । सम्पूर्ण परिवेश करुणमय छ । मृत र जीवित रुपमा रहेका नारीहरु समजमा अन्यायलाई सहन बाध्य भएका अवस्थालाई कथाकारले प्रस्तुत गर्दै त्यसबाट मुक्तिको बाटोतर्फ लम्कन म पात्र जस्ता चरित्रहरुलाई प्रेरणा समेत प्रदान गरेको छ । यसका साथै कथामा सामाजिक संरचनाका कारण महिलाको जीवनमा पारेको प्रभावलाई अत्यन्त मार्मिक पारामा व्यक्त गर्न कथा सफल बनेको छ भने आफ्नै घरमा बलात्कृत अवस्थामा रहेका, श्रीमानबाट अपहेलित भएका र बूढी कन्या भई बन्दी अवस्थामा रहेका नारीहरुको स्वतन्त्रताका लागि वृद्धा र म पात्रले दृढ सङ्कल्प गरेको बाट कथामा नारीवादको सशक्त प्रयोग गरिएको निष्कर्ष निकाल्न सकिन्छ । कथामा कथावस्तु, परिवेश र चरित्र जस्ता तत्वहरुलाई नारीवादी कोणबाट विश्लेषण गरिएको छ भने यस कथाले नारी उन्मुक्तिको आवाजलाई सशक्त ढङ्गले उजागर गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

**सन्दर्भग्रन्थ सूची**


एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप*, साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६९), *नारीवादी सौन्दर्य चिन्तन,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६९), *नेपाली उपन्यासमा नारीवाद*, भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ३—९४ ।

पौडेल, विष्णुप्रसाद (२०६९), *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक* रूप, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज*, साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, केशव कुमार र अन्य (२०६६), *लैङ्गिक अध्ययन*, तृ.सं., एकेडेमिक बुक सेन्टर ।